**धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०६५ को अनुसूची १४ बमोजिमको अतिरिक्त विवरण**
(नियम २२ को उपनियम (२) सँग सम्बन्धित)

**१. वित्तीय विवरण**
क) त्रैमासिक अवधिको वासलात, नाफा नोक्सान सम्बन्धी विवरण ।
यस विकास बैंकको प्रथम त्रैमासिक अवधिको वासलात तथा नाफा नोक्सान विवरण मिति २०७१ कार्तिक ३० गतेको नागरिक राष्ट्रिय दैनिकमा प्रकाशित गरिएको छ ।

ख) प्रमुख वित्तीय अनुपातहरू :

| प्रमुख वित्तीय परिसुचकहरू | अपरिष्कृत वित्तीय विवरणमा आधारित |
|---|---|
| प्रति शेयर आम्दानी रू (बार्षिकिकरण) | रू १५.३३ |
| मुल्य आम्दानी अनूपात (बार्षिकिकरण) | १५.४६ |
| प्रति शेयर नेटवर्थ | रू १२९.३३ |
| प्रति शेयर कुल सम्पत्तिको मूल्य | रू ९५९.४८ |
| तरलता अनूपात प्रतिशत | ३४.४८ प्रतिशत |

**२. व्यवस्थापकीय विश्लेषण**
*क) त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भएको भए सोको प्रमुख कारण सम्बन्धी विवरण,*
यस त्रैमासिक अवधिमा निक्षेप संकलन तथा कर्जा प्रवाहमा सन्तोषजनक रूपले बृद्धि भएको छ । निष्क्रिय कर्जा अनुपात गत त्रैमासिक अवधिको तुलनामा ०.६३ प्रतिशतले कम हुन गएको छ । आउँदा दिनहरूमा निष्क्रिय कर्जाहरूलाई अझै घटाइने योजना रहेको छ । जोखिम न्यूनिकरणका लागि उच्चतम सतर्कता अपनाइएका कारण बैकको मौज्दात, आम्दानी र तरलतामा सकारात्मक प्रभाव कायम रहेको छ । साथै अन्य वित्तीय सुचकांकहरू पनि सबल र सुदृढ रहेका छन् ।

*(ख) आगामी अवधिको व्यवसायिक योजना सम्बन्धमा व्यवस्थापनको विश्लेषणात्मक विवरण,*
गुणस्तरीय सेवामा केन्द्रित रही नयाँ नयाँ व्यवसायिक योजनाहरूको विकाश, व्यवसायिक संजाल बृद्धि ,ग्राहकको चाहना बमोजिम आधुनिक बैंकिङ तथा वित्तिय सेवा तथा सुविधा अभिबृद्धि गर्दै जाने लक्ष्य रहेको छ ।

*(ग) विगतको अनुभवबाट, संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना, अवस्था आदि भएमा सो सम्बन्धी विश्लेषणात्मक विवरण ।*
बैकको मौज्दात वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना, अवस्था आदि महसुस गरिएको छैन । तर कर्जाको मागमा तथा व्याजदर अन्तर दुवैमा आएको कमिले गर्दा नाफामा असर पर्ने देखिएको छ ।

**३.कानूनी कारवाही सम्बन्धी विवरण**
देहाय अनुसारको मुद्दा दायर भएको भए, मुद्दा दायर भएको मिति, विषय, मुद्दा दायर भएको संस्थापक वा सञ्चालकको नाम र सम्भाव्य कानूनी सम्बन्धी विवरण समावेश गरिनुपर्ने :
(क) *त्रैमासिक अवधिमा संगठित संस्थाले वा संस्थाको विरुद्ध कुनै मुद्दा दायर भएको भए,*
त्रैमासिक अवधिमा बैंकले कुनै पनि मुद्दा दायर गरेको छैन । बैकको विरुद्ध कुनै मुद्दा दायर भएको जानकारी प्राप्त नभएको ।

(ख) *संगठित संस्थाको संस्थापक वा सञ्चालकले वा संस्थापक वा सञ्चालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौज्दारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको भए,*
यस सम्बन्धमा कुनै जानकारी प्राप्त नभएको ।

(ग) *कुनै संस्थापक वा सञ्चालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको भए,*
यस सम्बन्धमा कुनै जानकारी प्राप्त नभएको ।

**४.संगठित संस्थाको शेयर कारोबार तथा प्रगतिको विश्लेषण**

क) धितोपत्र बजारमा भएको संगठित संस्थाको शेयरको कारोबार सम्बन्धमा व्यवस्थापनको धारणा :

शेयरको कारोबार खुल्ला बजारले प्रतिपादित गरेको मूल्य तथा मान्यता अनुरुप हुने गरेको छ । यस सम्बन्धमा व्यवस्थापनको धारणा तटस्थ रहेको छ ।

ख) त्रैमासिक अवधिको शेयरको अधिकतम, न्यूनतम, अन्तिम मूल्य, कारोवार भएको कुल दिन तथा कारोबार संख्या ।

| | | | |
|---|---|---|---|
| अधिकतम मूल्य | रू.३०१ | कुल कारोबार शेयर संख्या | १४२,२६५ कित्ता |
| न्युनतम मूल्य | रू.२३२ | कुल कारोबार संख्या | ३६५ |
| अन्तिम मूल्य | रू.२३७ | कुल कारोबार भएको दिन | २७ |

**५.समस्या तथा चुनौती**

**आन्तरिक समस्या र चुनौती**

१) सञ्चालन लागतलाई सिमित दायारा भित्र राख्ने,
२) स्तरीय जनशक्ति भर्ना तथा कायम
३) कर्जा तथा लगानीमा घट्दो ब्याजदर ।

**बाह्य समस्या र चुनौती**

१) बैंकिङ्ग क्षेत्रमा बढ्दो अस्वस्थ प्रतिस्पर्धा,
२) अस्थिर सामाजिक तथा राजनैतिक वातावरण,
३) कानुन तथा सरकारी नीतिको अनिश्चितता ।

**समस्या तथा चुनौती समाधान गर्न व्यवस्थापनले अवलम्बन गरेको रणनीति**

१) स्रोत तथा साधनहरूको अधिकतम परिचालन गर्ने,
२) मानव संसाधन विकास योजना जोड,
३) वस्तु तथा सेवाहरूको गुणस्तर वृद्धिमा निरन्तर प्रयासरत रहने
४) नयाँ व्यावसायिक अवसरहरूको पहिचान ।

**६.संस्थागत सुशासन**

सम्पूर्ण व्यावसायिक क्रियाकलाप तथा कार्य वातावरणको ढाँचा तयार गर्दा संस्थागत सुशासनमा पर्याप्त ध्यान दिइएको छ । बैंकमा संस्थागत सुशासन कायम गर्न लेखापरीक्षण समिति, जोखिम व्यवस्थापन समिति, सम्पत्ति दायित्व व्यवस्थापन समिति, जनशक्ति व्यवस्थापन समिति तथा विभिन्न उपसमितिहरू क्रियाशील रहेका छन् । अनुपालनमा स्तरीयता कायम गर्न विभिन्न नीति तथा प्रक्रियाहरूका साथै आचार संहिताको व्यवस्था गरिएको छ ।

**७.सत्य, तथ्यता सम्बन्धमा अध्यक्ष/कार्यकारी प्रमुखको उद्घोषण**

आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरूको शुद्धता सम्बन्धमा म व्यक्तिगत रूपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोष गर्दछु की मैले जानेबुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरू सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरूलाई सूसुचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरू लुकाइएको छैन ।